# रिचर्ड्सको मूल्य तथा सम्प्रेषण सिद्धान्तमा अन्तर्निहित साहित्यशास्त्रीय र समालोचनात्मक आधार

▪ डा गोविन्दप्रसाद लुइँटेल
नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, त्रिवि, नेपाल
Email : luitelgobinda@gmail.com

DOI : https://doi.org/10.3126/ss.v10i1-2.68616

**सार**

*प्रस्तुत अध्ययन आई. ए. रिचर्ड्सको मूल्य तथा सम्प्रेषण सिद्धान्तमा अन्तर्निहित साहित्यशास्त्रीय एवम् समालोचनात्मक आधारको खोजीमा केन्द्रित छ । यसमा रिचर्ड्सको मूल्य तथा सम्प्रेषण सिद्धान्तको सैद्धान्तिक आधारको विश्लेषण गर्नुका साथै तिनलाई साहित्य सिर्जना तथा समालोचनामा कसरी उपयोग गर्न सकिन्छ भन्ने कुराको निरूपण गरिएको छ । मनोवैज्ञानिक परिप्रेक्ष्यबाट कृतिको रचना तथा समीक्षा दुवै हुन सक्छ भन्ने सन्दर्भमा रिचर्ड्सको मूल्य तथा सम्प्रेषण सिद्धान्त प्रतिपादित भएको पाइन्छ । मानिसका आवेग अथवा एषणालाई सन्तुष्ट पार्न सक्ने गुण नै साहित्यको मूल्य हो भने लेखकको अनुभूति मूल्य पाठकसम्म सम्प्रेषण हुनु र पाठकले त्यसलाई ग्रहण गर्नु सम्प्रेषण हो र साहित्यिक कृतिमा मूल्यवान् अनुभूति र सम्प्रेषणको गुण रहेको हुन्छ भन्ने कुरालाई सैद्धान्तिक आधारका रूपमा यसमा स्थापना गरिएको छ । यसका लागि सामग्रीका रूपमा आई. ए. रिचर्ड्सको मूल्य तथा सम्प्रेषण सिद्धान्त र यससँग सम्बद्ध पुस्तक, लेख एवम् अध्ययनलाई छनौट गरिएको छ । सामग्री छनौट गर्दा नमुना पद्धतिको प्रयोग गरिएको छ । सामग्री विश्लेषणमा गुणात्मक अध्ययन पद्धतिको अवलम्बन गरिएको छ । यो सैद्धान्तिक अध्ययन भएकाले यसमा निष्कर्षको सामान्यीकरणमार्फत मूल्य तथा सम्प्रेषण सिद्धान्तमा अन्तर्निहित साहित्यशास्त्रीय एवम् समालोचनात्मक आधारको सैद्धान्तिक स्वरूपको निर्माण गरिएको छ । मूल्यवान् कृति सम्प्रेषणीय हुने र सम्प्रेषणीय कृति मूल्यवान् हुने हुनाले रिचर्ड्सको मूल्य तथा सम्प्रेषण सिद्धान्त सिर्जना तथा समालोचना दुवै परिप्रेक्ष्यमा उत्तिकै सान्दर्भिक छ भन्ने प्राप्तिलाई निष्कर्षअन्तर्गत प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** दृष्टिविन्दु, सङ्केन्द्रक, सङ्केन्द्रित विचार, सङ्केन्द्रित विषय, समाख्याता ।

## विषयपरिचय

मूल्य तथा सम्प्रेषण सिद्धान्तका प्रतिपादक आइभोर आर्मस्ट्रङ रिचर्ड्स (सन् १८९३-१९७९) आधुनिक समालोचना र साहित्य चिन्तनका क्षेत्रमा प्रखर व्यक्तित्व मानिन्छन् । बिसौं शताब्दीअघि अङ्ग्रेजी साहित्यमा परिष्कारवाद र स्वच्छन्दवादको दबदबा थियो । त्यतिखेर आधुनिक समालोचक र समालोचना देखापरेका थिएनन् । यस समयमा टी.एस. इलिएट र रिचर्ड्सले समालोचनाका नयाँ आयामको सुरुआत गरेको देखिन्छ । इलिएटले समालोचना प्रणालीको विकास गरेनन् तर आई. ए. रिचर्ड्सले भने समालोचना प्रणालीको विकास गरेको पाइन्छ । उनले

व्यावहारिक समालोचनाको विकासमा उल्लेख्य योगदान दिएका छन् । उनी वास्तविक साहित्यकार थिएनन् । उनी मनोविज्ञानका क्षेत्रमा काम गर्थे र समालोचनाका क्षेत्रमा पाहुनाका रूपमा आएका थिए । मनोविज्ञानका क्षेत्रबाट साहित्यमा आएका हुनाले उनले मनोविज्ञानका परिप्रेक्ष्यमा कविता र कलाको सार्थकता र महत्त्वबारे आफ्ना विचारहरू व्यक्त गरेका छन् । कलाको सौन्दर्यसम्बन्धी उनका विचारहरू महत्त्वपूर्ण छन् । उनले सौन्दर्यानुभूतिलाई मानसिक प्रक्रिया मानेका छन् र यसलाई मूल्य र सम्प्रेषणका कसीमा हेरेका छन् । उनले कलासौन्दर्य, कलाको मूल्य एवम् सम्प्रेषणको गुण, कविताको अर्थ तथा व्यावहारिक समालोचनाको आधारसम्बन्धी पुस्तकहरू लेखेका छन् । *प्रिन्सिपल अफ लिटरेरी क्रिटिसिज्म* (सन् १९२४), *प्राक्टिकल क्रिटिसिज्म* (सन् १९२९), *कलरिज अन इम्याजिनेसन* (सन् १९३४), *साइन्स एन्ड पोइट्री* (सन् १९३५) *फाउन्डेसन अफ एस्थेटिक्स* (सन् १९३६), द *फिलसफी अफ रेटोरिक* (सन् १९३६) आदि उनका चर्चित पुस्तक हुन् । उनले सी. के. ओग्डेनसँगको सहकार्यमा द *मिनिङ अफ दि मिनिङ* (सन् २०२३) जस्तो चर्चित पुस्तक पनि लेखेका छन् । रिचर्ड्सले पूर्ण समालोचनाशास्त्र दिने काम गरेकाले उनलाई नवसमालोचनाका क्षेत्रमा देखापर्ने अब्बल समालोचक मानिएको पाइन्छ । उनका सिद्धान्त एवम् विचारको चर्को विरोध भए पनि अनेकौँ विरोधका बाबजुद पनि उनले आफूलाई प्रखर समालोचकका कोटिमा उभ्याउन सफल भएको देखिन्छ । उनले साहित्यिक कृतिमा मूल्य तथा सम्प्रेषण हुनुपर्ने विचार व्यक्त गरेका छन् र उनको समालोचनाको मूल आधार पनि यही हो । यस सन्दर्भमा उनको मूल्य तथा सम्प्रेषण सिद्धान्तमा अन्तर्निहित साहित्यशास्त्रीय एवम् समालोचनात्मक खास आधार के हो र त्यसलाई साहित्य सिर्जना तथा समालोचनामा कसरी प्रयोग गर्न सकिन्छ भन्ने जिज्ञासा नै यस आलेखको मुख्य समस्या हो । अतः रिचर्ड्सका धेरै सिद्धान्तमध्ये मूल्य तथा सम्प्रेषण सिद्धान्तमा उनको केकस्तो साहित्यशास्त्रीय तथा समालोचनात्मक आधार प्रस्तुत छ भन्ने समस्यामा यस अध्ययनलाई केन्द्रित गरिएको छ । यस अध्ययनले साहित्य सिर्जना तथा समालोचनामा नवीन सैद्धान्तिक आधार दिई अध्ययन परम्परामा नयाँ आयाम थप्ने हुनाले यो अध्ययन महत्त्वपूर्ण एवम् औचित्यपूर्णसमेत रहेको छ । अतः यस आलेखमा रिचर्ड्सको मूल्य तथा सम्प्रेषण सिद्धान्तमा अन्तर्निहित साहित्यशास्त्रीय र समालोचकीय आधारको समीक्षा गर्ने उद्देश्य राखिएको छ ।

## अध्ययनविधि तथा विश्लेषणको ढाँचा

प्रस्तुत अध्ययन सैद्धान्तिक अध्ययन भएकाले यसमा पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ र सङ्कलित सामग्रीहरूको तथ्यापन गरी त्यसकै आधारमा सामग्री विश्लेषण एवम् अर्थापन कार्य सम्पन्न भएको छ । यस क्रममा रिचर्ड्सको मूल्य तथा सम्प्रेषण सिद्धान्तसँग सम्बद्ध सैद्धान्तिक एवम् प्रायोगिक पक्षका पुस्तकहरू पुस्तकालयीय कार्यबाट प्राप्त गरिएको छ । यसमा आई. ए. रिचर्डस्को मूल्य तथा सम्प्रेषण सिद्धान्तलाई प्राथमिक सामग्री र ती सिद्धान्तसँग सम्बद्ध अन्य अध्ययनहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । सामग्रीको विश्लेषण गर्दा निरीक्षण, परीक्षण एवम् सामान्यीकरणको वैज्ञानिक विधि अपनाइएको छ । यसअन्तर्गत प्रयुक्त विशिष्ट शब्दावलीको पारिभाषिकीकरण पनि गरिएको छ । विश्लेषणका क्रममा तथ्यहरू सङ्कलन गरी अर्थापनका माध्यमबाट तिनको सामान्यीकरणमार्फत सैद्धान्तिक आधार स्थापना गरिएको छ । सैद्धान्तिक अध्ययन भए पनि सामग्री विश्लेषण गर्दा यसमा मूलतः मूल्य तथा सम्प्रेषण सिद्धान्तसँग सम्बद्ध सैद्धान्तिक आधारको उपयोग गरिएको छ । सामग्री विश्लेषणका क्रममा यसमा प्रथमतः आगमनात्मक विधिको प्रयोग गरिएको छ भने आवश्यकताअनुसार निगमनात्मक, वर्णनात्मक तथा तुलनात्मक विधिको समेत उपयोग गरिएको छ ।

## मूल्य सिद्धान्त र यसमा अन्तर्निहित साहित्यशास्त्रीय र समालोचनात्मक आधार

आई.ए. रिचर्ड्सको मूल्य तथा सम्प्रेषण सिद्धान्त प्रिन्सिपल अफ लिटरेरी क्रिटिसिज्म (सन् १९२४) कृतिमा प्रस्तुत गरिएको पाइन्छ । यस सिद्धान्तभित्र अन्तर्निहित साहित्यशास्त्रीय तथा समालोचनात्मक आधारलाई यसमा विभिन्न उपशीर्षकमा विश्लेषण गरिएको छ ।

## मूल्य सिद्धान्त

आई. ए. रिचर्ड्सले साहित्यको सौन्दर्यवादी एवम् मनोवैज्ञानिक व्याख्या गरेका छन् । अग्रज ब्रैड्लेको 'कला कलाका लागि' मान्यताको खण्डन गर्दै उनले कलाको उपयोगिता वा मूल्यवादी व्याख्या गरेको पाइन्छ । यसकै जगमा उनको मूल्य सिद्धान्त स्थापित छ । रिचर्ड्सका विचारमा साहित्य–समालोचनाको सिद्धान्त मूल्यको लेखाजोखा र सम्प्रेषणीयताको आँकलन गरी दुईवटा आधारमा अडेको वा टिकेको हुनुपर्छ (रिचर्ड्स, सन् १९२४, पृ. २५) । यसको अर्थ साहित्य वा कलामा मूल्य र सम्प्रेषणको गुण हुनुपर्छ भन्ने हो । यिनै दुई गुणका आधारमा रिचर्ड्सले मूल्य सिद्धान्त र सम्प्रेषण सिद्धान्तको स्थापना गरेका हुन् । उनले अर्थशास्त्र, भाषाविज्ञान, आचारशास्त्र, समाजशास्त्र र मनोविज्ञानबाट आधार लिएर मूल्य सिद्धान्तको स्थापना गरेका हुन् । अर्थशास्त्र तथा आचारशास्त्रका सम्बन्धमा मूल्य वा उपयोगिता जे हो, त्यही नै मानसिक स्वभाव वा प्रकृतिका सम्बन्धमा रिचर्ड्सको मूल्य हो । उनका दृष्टिमा सौन्दर्यशास्त्रमा मूल्य चिन्तन अपेक्षित हुन्छ । बजारशास्त्रमा भौतिक वस्तुको उपयोगिताबाट मूल्य निर्धारण हुन्छ भने सौन्दर्यशास्त्रमा कलाको सौन्दर्य वा त्यसको मानसिक प्रभावबाट मूल्य स्थापना हुन्छ । सौन्दर्यको अनुभव मूल्यसँग जोडिन्छ (रिचर्ड्स, सन् १९२४ पृ. १६) । यस सन्दर्भमा कलाको सौन्दर्यानुभूति वा उपयोगिता अर्थात् त्यसको मानसिक प्रभाव नै मूल्य हो । उनले कलावादी ब्रैडले आदिको कलावादी चिन्तनको आलोचना गरेका छन् । यसबाट कला उपयोगविहीन हुँदैन र उपयोग हुने कारणले नै कला मूल्यवान् हुन्छ भन्ने कुरामा रिचर्ड्सले जोड दिएको स्पष्ट हुन्छ । उनका अनुसार कला एक मानसिक व्यापार हुनाले यसका आधारमा मानवमनको अध्ययन हुन सक्दछ । मानवमन नवीन आविष्कारका अनेकौँ क्रममा विकास हुँदै जान्छ । समीक्षा त्यही सतत नवीन हुँदै जाने मानव मनसँग सम्बद्ध कुरा हो । समीक्षाको मनोविज्ञानसँग सम्बन्ध हुने हुनाले त्यसको मूल्य मनोवैज्ञानिक सत्यमा आधारित छ भन्ने मान्यता रिचर्ड्सको रहेको पाइन्छ । यसप्रकार रिचर्ड्सको मूल्यविज्ञान भनेको मनोविज्ञान हो । मनोवैज्ञानिक परिप्रेक्ष्यबाट कृतिको रचना तथा समीक्षा दुवै हुन सक्छ भन्ने उनको धारणा रहेको पाइन्छ ।

रिचर्ड्सका विचारमा जीवनको प्रमुख कार्यकलाप मनोवेगहरू/एषणा (Impulses) को सङ्गठनका लागि निरन्तर प्रयास गर्नु हो । मनोवेगहरू दुई प्रकारका हुन्छन् : (१) आकाङ्क्षा (Appetencies) र (२) घृणा (Aversion) (रिचर्ड्स, सन् १९२४, पृ. २५) । यी दुवै मनोवेग अवचेतन मनसँग सम्बद्ध हुन सक्छन् (सुवेदी, २०७८, पृ. २९८) । यी दुवै मस्तिष्कमा मिलेर बसेका हुन्छन् । यसमा आकाङ्क्षाले स्थिरता, सन्तुलन र व्यवस्था कायम गर्दछ भन्ने विचार रिचर्ड्सको रहेको पाइन्छ । उनका विचारमा मनभित्र मनोवेग वा आवेगहरूको उतारचढाव भइरहन्छ । यस्तो अवस्था जीवनको परिस्थिति वा सङ्घर्षका कारणले हुने गर्छ । यस्तो स्थितिले मनमा तनाव वा विषम उत्पन्न हुन्छ । कलाले एषणा वा आवेगलाई सन्तुलित बनाई मानसिक सन्तुष्टि स्थापन गर्दछ । कलाले आवेगलाई व्यवस्थित पारी स्नायु मण्डललाई सन्तुष्ट पार्ने मात्र नभई आनन्द पनि दिन्छ । कलामा अन्तर्निहित यही गुण नै साहित्यको मूल्य हो । उनका दृष्टिमा जसले अरू समान र महत्त्वपूर्ण

एषणालाई वा आकाङ्क्षालाई बाधा नगरी कुनै एषणालाई सन्तुष्ट पार्न सक्छ, त्यो अधिक मूल्यवान् हुन्छ । यसमा मानसिक क्रियामा सङ्गति कायम भएको अवस्था मनको उत्तम अवस्था हो । कलासाहित्यको सौन्दर्य यस कारण मूल्यवान् छ किनकि त्यसले विरोधी मनोवेगबाट उत्पन्न विषमताको व्यवस्थापन गरी सन्तुलन कायम गर्दछ । यहाँ बुझ्नुपर्ने कुरा के छ भने एक आकाङ्क्षाले अर्को आकाङ्क्षालाई बाधा दियो भने मानसिक सन्तुलन वा सङ्गठनमा आघात पर्छ । यस सन्दर्भमा रिचर्ड्सका अनुसार कलाको सौन्दर्य यस कारण मूल्यवान् हुन्छ कि यसले विरोधी एषणा वा संवेगबाट उत्पन्न विषमतालाई सन्तुलित बनाउँछ । यो कलाको गुण हो ।

## मूल्य सिद्धान्त र रसको साधारणीकरण

रिचर्ड्सको मूल्य सिद्धान्त पूर्वीय काव्यशास्त्रको नवरस र यसको साधारणीकरणसँग तुलनीय रहेको छ । पूर्वीय काव्यशास्त्रमा रसलाई आस्वादनका रूपमा हेरिएको छ । साहित्यका क्षेत्रमा साहित्यिक रचनाबाट प्राप्त आनन्द र त्यसको आस्वादनलाई रस भनिन्छ । रससिद्धान्तका आदि चिन्तक भरतमुनिले *विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः* भनेर रससूत्र प्रस्तुत गरेका छन् (भरत, २०४६, पृ. २२८) । 'रस्यते असौ रसः' अर्थात् रस त्यस्तो पदार्थ हो, जसको आस्वादन होस् भन्ने मान्यता रहँदै आएको पाइन्छ । रस सामग्रीका रूपमा विभाव, अनुभाव, सञ्चारीभाव र स्थायीभाव आएका हुन्छन् । भरतमुनिको रससूत्रको आधार भूत व्याख्याबाट रस आस्वाद्य हुन्छ र विभिन्न भाव र अभिनयको मिश्रणबाट उत्पन्न स्थायीभाव नै रस हो भन्ने निष्कर्ष निस्किन्छ (शर्मा र लुइटेल, २०६१, पृ. ४४) । विभाव, अनुभाव र सञ्चारीभावको उचित संयोजनबाट स्थायी भाव उद्‌बुद्ध भई रस परिपाक हुँदा रसविधानका दृष्टिले कुनै पनि कृति उत्कृष्ट ठहर्दछ भन्ने मान्यता रसवादीहरूको रहेको पाइन्छ । यससँगै कुनै पनि कृति पढिसकेपछि साधारणीकरण भई पाठकले सोहीअनुसारको रसानुभूति गर्दछ भने त्यसलाई रसको साधारणीकरण भएको मानिन्छ । यस सन्दर्भमा रिचर्ड्सको मूल्य सिद्धान्त कृतिको गुण वा सौन्दर्यमा आधारित भए पनि त्यसको मूल्याङ्कन पाठकको अनुभूतिसँग सम्बद्ध भएकाले रसको साधारणीकरणसँग यो मिल्दोजुल्दो देखिन्छ । कलाले मानवका एषणा वा आवेगलाई सन्तुलनमा राखेर मानसिक सन्तुष्टि स्थापन गरी आनन्द दिन्छ भन्ने रिचर्ड्सको मूल्यसम्बन्धी विचार र रसको साधारणीकरणसँग सम्बद्ध भावकको रसानुभूति वा रसको आस्वादनसम्बन्धी मान्यतामा समानता भेटिन्छ । रसचिन्तन परम्परामा रसको साधारणीकरण भई रसपरिपाक भएको अवस्थालाई ब्रह्मानन्द सहोदर मानिएको पाइन्छ भने रिचर्ड्सले कृतिको सौन्दर्यानुभूतिको चरम अवस्थालाई साइनेस्थेसिस (synaesthesis) अर्थात् परमानन्द भनेको पाइन्छ ।

## मूल्य सिद्धान्त र विरेचन तथा कल्पना सिद्धान्त

पश्चिमी साहित्यको परम्परालाई फर्केर हेर्दा रिचर्ड्सको मूल्य सिद्धान्तमा अरिस्टोटलको विरेचन सिद्धान्त र कलरिजको कल्पना सिद्धान्तको वैज्ञानिक आधार पाइन्छ । अरिस्टोटलका अनुसार कला र साहित्यले त्रास र करुणाको उद्दीपनद्वारा मनोविकारहरूको उचित विरेचन गर्दछ । कला साहित्यले मनलाई उत्तेजित पार्ने मात्र नभई मनलाई आनन्दित वा प्रसन्न तुल्याउँदछ भन्ने मान्यता एरिस्टोटलले राखेका छन् र यही नै विरेचन सिद्धान्तको मूल मर्म हो । यसलाई मूल्य सिद्धान्तमार्फत रिचर्ड्सले मनोवैज्ञानिक आधार लिई पुनःव्याख्या गरेको स्पष्ट हुन्छ । यहाँ अरिस्टोटलको कलासाहित्यले मनोविकारहरूको उचित विरेचन गर्दछ भन्ने विचार र रिचर्ड्सको कलाले एषणा वा आवेगलाई सन्तुलित बनाई मानसिक सन्तुष्टि स्थापना गर्दछ भन्ने मान्यतामा समानता भेटिन्छ । अरिस्टोटलले कला र साहित्यले त्रास र करुणाको उद्दीपनद्वारा मनोविकारहरूको उचित

विरेचन गर्दछ भनेर भने पनि कसरी भन्ने प्रश्न उनुत्तरित छ । यही प्रश्नमा आधारित रहेर अरिस्टोटलको विरेचनसम्बन्धी धारणालाई रिचर्ड्सले वैज्ञानिक आधार प्रदान गरी मनोवैज्ञानिक एवम् सौन्दर्यवादी व्याख्या गरेको स्पष्ट हुन्छ । उनले कलालाई मानसिक प्रतिक्रियाका रूपमा व्याख्या गरेका छन् । यो स्वाभाविक छ किनभने कलाको धर्म भनेको आस्वादन नै हो र त्यो मानसिक क्रिया भएकाले अनुभूतिपरक हुन्छ । त्यस्तै कलरिजको कल्पना सिद्धान्तसँग पनि मूल्य सिद्धान्तको साम्य भेटिन्छ । कलरिजले कल्पनालाई मानवीय चेतनाका परस्पर विरोधी तत्त्वहरूलाई एकत्रित तथा संश्लिष्ट तुल्याई कलात्मक पुनःसिर्जन गर्ने मानवीय आत्मा वा मनको विशिष्ट अन्वितिकारी र संश्लेषणकारी शक्तिका रूपमा चिनाएका छन् । कलरिजका अनुसार विपरीत भाव वा विचारका बिच कल्पना तत्त्वले समन्वय कायम गर्दछ । उनका अनुसार कल्पना एक शक्ति हो । यो दिव्य हुन्छ, यो सिर्जनात्मक हुन्छ । रचनाशीलता यसको गुण हो । रचनाशील हुने भएकाले यो विवेकशील हुन्छ । त्यसैले कल्पना निर्मित बिम्ब सार्थक र सम्बद्ध हुन्छ । यसमा क्रम र औचित्य रहन्छ । जड (वस्तु) र चेतन तथा भाव र विचारका बिच कल्पना तत्त्वले समन्वय कायम गर्दछ ।

कलरिजको कल्पनासम्बन्धी उपर्युक्त विचार र रिचर्ड्सले कलासाहित्यले विरोधी मनोवेगबाट उत्पन्न विषमताको व्यवस्थापन गरी सन्तुलन कायम गर्दछ र मनोवेग वा अनुभूतिहरूको उचित वा सम्यक् सङ्गठनबाट नै असल साहित्य जन्मन्छ भन्ने मान्यतामा तात्त्विक समानता देखिन्छ । यति हुँदाहुँदै पनि कलरिजले कल्पनालाई दिव्य शक्ति र सिर्जनाकारी शक्तिका रूपमा हेरे तर त्यसको वस्तुपरक व्याख्या गरेनन् । कल्पनाले कसरी विपरीत भाव वा विचारका बिच समन्वय गर्छ भन्ने कुरालाई पनि उनले प्रस्ट पार्न सकेका छैनन । यता रिचर्ड्सले भने विरोधी तत्त्वहरूका बिच समन्वय कायम गर्ने तत्त्वलाई कल्पना नभनेर मनोवेगका रूपमा चिनाएका छन् । यसलाई मनोवैज्ञानिक रूपमा व्याख्या गरेर वस्तुपरक एवम् यथार्थपरक बनाएका छन् । यसबाट अरिस्टोटल र कलरिज दुवैको योगका रूपमा रिचर्ड्स देखापर्छन् । रिचर्ड्सका अनुसार सौन्दर्यानुभूति मानसिक प्रक्रिया हो र यही सौन्दर्यको अनुभव नै मूल्य हो । उनले मूल्य सिद्धान्तका माध्यमबाट भाषा र सम्प्रेषणको सामाजिक यथार्थ प्रस्तुत गरेका छन् । उनको यो सिद्धान्त समाजको उपयोगितासँग पनि जोडिन पुगेको छ । यस सन्दर्भमा उनी के भन्छन् भने आज जब प्राचीन परम्परा विघटन भइरहेको छ अर्थात् समाजको मूल्य विघटन भइरहेको छ, तब कला र साहित्यका माध्यमबाट समाज आफ्नो मानसिक व्यवस्थाको सन्तुलन कायम गर्न सक्छ । मूल्यवान् साहित्यले समाज र समुदायको अधिकतम एषणाको परिपूर्ति गर्दछ । यस सन्दर्भमा रिचर्ड्सले डाक्टरले जसरी शरीरलाई स्वस्थ राख्दछ साहित्यकारले त्यसरी नै मानसिक स्थितिलाई स्वस्थ राख्नुपर्दछ भन्ने धारणा राखेका छन् । उनले साहित्यकारले सामूहिक मनोविज्ञानलाई बुझेर उनीहरूको मानसिक व्यवस्थाको सन्तुलन कायम गर्ने खालको साहित्य सिर्जना गर्नुपर्ने विचार व्यक्त गरेका छन् ।

## मूल्य सिद्धान्तमा अन्तर्निहित साहित्यशास्त्रीय र समालोचनात्मक आधार

मूल्य सिद्धान्तमा आई. ए. रिचर्ड्सले साहित्य रचना के हो, समालोचना के हो र समालोचकको काम के हो भन्ने सन्दर्भमा विचार विमर्श गरेका छन् । उनका विचारमा तत्कालीन समालोचनाहरू कुनै न कुनै सैद्धान्तिक पूर्वाग्रहमा अल्झेका थिए । काव्यको मूल्याङ्कन नगरेर समालोचकहरू यत्रतत्र पथभ्रष्ट भएका थिए । उनका विचारमा पहिला समीक्षात्मक अन्यौलबाहेक केही थिएन । तिनीहरू केवल अड्कलबाजी, खण्डित अवलोकनहरू र केही सुन्दर व्याख्याका टुक्राबाहेक अरू केही होइनन् भन्ने उनको मत थियो । रिचर्ड्सले काव्यको

स्वायत्ततालाई जोड दिएर सर्वप्रथम कवितालाई पूर्वाग्रही समीक्षाको बाढीबाट मुक्त गर्ने परम्परा बसाले । विशिष्ट पठनका आधारमा गरिएको कृतिको मूल्य निरूपणलाई समालोचना हो भन्ने कुरामा उनले जोड दिए । वस्तुपरक एवम् तथ्यपरक ढङ्गले कृतिको गुणदोष निरूपण गर्ने कार्य समालोचना हो भन्ने कुरामा उनले स्पष्ट धारणा राखे । समालोचनाले कृतिका सबल एवम् दुर्बल पक्षलाई केलाएर कृतिको वास्तविक मूल्याङ्कन गर्दछ । यसले लेखकलाई समेत सचेत गराउँदै गुणात्मक कृति लेखनका निम्ति पृष्ठपोषण प्रदान गर्दछ । यसको निश्चित विधि, आधार वा पद्धति हुन्छ । समालोचनाले मुख्य रूपमा व्याख्याविश्लेषण (interpretation), मूल्यनिरूपण (value judgement), सैद्धान्तिकीकरण (to make theory), शोधपरकता (research) जस्ता अर्थ र कार्यलाई वहन गर्दछ भनेर आधुनिक समालोचनाले औँल्याएका कुरा रिचर्ड्सको मूल्य सिद्धान्तमा अन्तर्निहित छन् । उनी के भन्छन् भने त्योभन्दा त्यो कृति मूल्यवान् छ भनी मूल्याङ्कन गर्नु समालोचना र समालोचकको काम हो । उनका विचारमा कलाकारको अनुभूतिको परिवेश विशाल हुन्छ । कलाकार र हाम्रा अनुभव सजातीय हुन्छन् । हाम्रो मानसिकता कम सङ्गठित र बढी आवेगको परित्यागमा आधारित छ भने कलाकार र उसका कृतिमा व्यक्त अनुभव बढी सङ्गठित हुनाले समावेशपूर्ण हुन्छ । उनी सर्वोत्तम मनका सर्वोत्तम क्षणको सञ्चिती कृति हो भन्ने धारणा राख्दछन् र सर्वोतम मनका सर्वोतम क्षणका कृति नै असल र मूल्यवान् हुन्छन् भनेर भन्दछन् । यस सन्दर्भमा के स्पष्ट हुन्छ भने रिचर्ड्स अग्रज बेन्थम र मिल जस्ता चिन्तकबाट प्रभावित थिए । रिचर्ड्सले बेन्थम र मिलले अर्थशास्त्र, नीतिशास्त्र र समाजशास्त्रका सन्दर्भमा प्रस्तुत गरेका 'जुन उपयोगी छ, त्यही मूल्यवान् हुन्छ' भन्ने जस्ता सूत्रहरूलाई साहित्य र मनोज्ञिानका सन्दर्भमा प्रस्तुत गरेका छन् ।

**बेन्थमको सूत्र :** सुख – अधिकतम सुख

**रिचर्ड्सको सूत्र :** आवेगको सन्तुष्टि – अधिकतम आवेगको सन्तुष्टि

साहित्यशास्त्र अथवा सिर्जनाका सन्दर्भमा पनि मूल्य सिद्धान्त महत्त्वपूर्ण देखिन्छ । साहित्यमा मनोवेगको अति राम्रो सन्तुलन हुन्छ । यस अर्थमा स्थूल रूपमा हेर्दा पनि कला र साहित्य मानसिक सन्तुलन ल्याउन मद्दत गर्ने तत्त्व हुन् । रिचर्ड्सका विचारमा कला उपदेशात्मक र सन्देशवाहक होइन, संवेग सन्तुलन गर्ने साधन हो । कलाले हामीलाई बचाउन सक्छ । उनका दृष्टिमा कवितामा के छ भन्दा पनि त्यो के हो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । मूल्य सिद्धान्तको व्याख्या गर्ने क्रममा रिचर्ड्सले असल (good) र खराब (evil) को भेद पनि गरेका छन् । मनोवेग अर्थात् अनुभूतिहरूको उचित वा सम्यक् सङ्गठन असल हो अर्थात् जसले मूल्यको सिर्जना गर्छ, त्यो असल हो । अनुभूतिहरूको एक कलात्मक रचनाले उचित सङ्गठन बन्दछ र रचनाभित्रको कुनै उचित सङ्गठनबाट प्राप्त गर्न सकिन्छ । जब अनुभूतिको सङ्गठन त्यस रचनाको परिपाटीमा सबै प्रकारका अनुभवहरूलाई आघात नपुग्ने गरी गरिन्छ अथवा सबै मनोवेगहरूले आआनो स्वतन्त्रता पाएका हुन्छन् तब मूल्यको रचना भएको मानिन्छ । यसलाई रिचर्ड्सले साइनेस्थेसिस (synaesthesis) अथवा अनेकौं मनोवेगहरूको एक कलात्मक रचनाले कायम गरेको एकता भनी परिभाषित गरेका छन् । सबै प्रकारका सौन्दर्यानुभूतिको प्रमुख आधार साइनेस्थेसिस नै हो । यो स्थिति एक परमानन्द को स्थिति हो र यसको वास्तविकतासँग कुनै सम्बन्ध हुँदैन भन्ने विचार उनको रहेको छ । यसले उत्साह वा ताजगी दिन्छ, थकान दिँदैन भन्ने धारणा रिचर्डस्को रहेको पाइन्छ (रिचर्ड्स, सन् १९२४ पृ. ७७) । यसका विपरीत मनोवेग अर्थात् अनुभूतिहरूको अनुचित वा असङ्गठन खराब हो । एक सफल साहित्यिक रचना त्यसका रचनाकारको सन्तुलित मनोवेगको

उपज हो । यस्तो सन्तुलनको स्थिति जतिसुकै क्षणिक भए पनि त्यहाँ सौन्दर्यको अनुभूति हुन्छ भने मान्यता रिचर्ड्सको रहेको पाइन्छ (रिचर्ड्स, सन् १९२४ पृ. ७५) । अतः रचनाकारको सन्तुलित मनोवेगको अभिव्यक्ति भएको कृति मूल्यवान् हुन्छ भन्ने मान्यता रिचर्ड्सको रहेको छ ।

कलामा हाम्रो सञ्चित मूल्यको भण्डारण हुन्छ । कलाको सम्बन्ध नैतिकतासँग हुन्छ । समीक्षा वा समालोचना भनेको कृतिको मूल्य निरूपण हो । वास्तवमै एक समालोचकले डाक्टरले शरीरको स्वस्थतासँग सम्बन्ध राखे जसरी नै मनको स्वस्थतासँग सम्बन्ध राख्दछ भन्ने विचार मूल्य सिद्धान्तका सन्दर्भमा रिचर्ड्सको रहेको पाइन्छ । कलाकृतिको प्रभावले समाजमा राम्रो प्रभाव पार्न सक्यो भने त्यसको मूल्य रहन्छ । साहित्यको मूल्य त्यसले पाठकलाई प्रभावित पार्ने क्षमतासँग सम्बद्ध हुन्छ । कलासाहित्यको काम मनलाई सन्तुष्ट पार्नु हो । मन स्नायुसम्बन्धी व्यवस्था र त्यसको सक्रियता नि हो । जुन कलाकृतिले स्नायुमण्डलमा विशिष्ट व्यवस्था सिर्जना गर्छ, त्यसले आनन्द प्रदान गर्छ र त्यो हितकारी पनि हुन्छ । अतः कला र मूल्यको अटुट सम्बन्ध हुन्छ किनकि कला हाम्रो उत्तम वा प्रेरक अनुभव नै हो भन्ने मान्यता मूल्य सिद्धान्तमा प्रस्तुत छ ।

## सम्प्रेषण सिद्धान्त र यसमा अन्तर्निहित साहित्यशास्त्रीय र समालोचनात्मक आधार

आई.ए. रिचर्ड्सको सम्प्रेषण सिद्धान्त *प्रिन्सिपल अफ लिटरेरी क्रिटिसिज्म* (सन् १९२४) कृतिमा प्रस्तुत गरिएको पाइन्छ । मूल्य के हो भन्ने कुरा गरिसकेपछि आई. ए. रिचर्ड्सले साहित्यले कसरी मूल्यको सिर्जना गर्छ भन्ने कुराको चर्चा गरेका छन् र यसकै जगमा उनको सम्प्रेषण सिद्धान्त उभिएको छ ।

## सम्प्रेषण सिद्धान्त

कला मानिसको सम्प्रेषण क्रियासँग सम्बद्ध हुन्छ भन्ने उनको मान्यता रहेको पाइन्छ । उनको सम्प्रेषण सिद्धान्त मूल्यको सम्प्रेषण वा ग्रहण कसरी हुन्छ भन्ने कुराको जगमा उभिएको छ । सम्प्रेषण सिद्धान्तलाई सूत्रमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ : **प्रेषण = ग्रहण सम्प्रेषण**

मानिस सामाजिक प्राणी भएकाले ऊ समाजमा पदार्पण भएदेखि नै भाषिक सम्प्रेषणका माध्यमबाट धेरै कुरा सिक्दै जान्छ र आनो ज्ञान, अनुभव र क्षमतामा वृद्धि गर्दछ । बाल्यकालदेखि नै मानिसले आफ्ना अनुभवलाई सम्प्रेषण गर्दै आएको हुन्छ । मस्तिष्कको विशिष्ट गुणको धेरै ठुलो अंश उसको सम्प्रेषण माध्यमको यन्त्र हो । यस सन्दर्भमा रिचर्ड्सको धारणा के छ भने यस्तो सम्प्रेषण क्रियाको सबभन्दा बढी उपयोग कलाकर्ममा हुन्छ । वास्तवमै कला सम्प्रेषणक्रियाको उत्कृष्ट चरम रूप हो । यसमा रचना (कृति) माध्यम हुन जान्छ । भाषाको यस्तो रचनात्मक क्रियाका माध्यमबाट कलाकारको अनुभूति मूल्य पाठकसम्म सम्प्रेषण हुल्छ । यसमा कविकलाकारले जति तनमयका साथ रचना गर्छ, उसको सम्प्रेषणीयताको गुण उत्ति नै प्रभावकारी हुन्छ (रिचर्ड्स, सन् १९२४ पृ. २७) । यस सन्दर्भमा रिचर्ड्स साहित्य वा कलालाई यसको मूल्यवत्ता र सम्प्रेषण दोहोरो दृष्टिले हेर्छन् । रिचर्ड्सका अनुसार मानव मन एक सम्पूर्ण र खण्डित नहुने आकृति हो । त्यस्तो खण्डित नभएको साहित्यकारको मनमा सिर्जित साहित्यलाई राम्ररी ग्रहण वा आत्मसात् गरेर पाठकले पनि आफ्नो मनोवेगको सन्तुलन गर्न सक्दछ । कविको सफल सम्प्रेषणीयता यो हो कि जब पाठकको मनमा पनि कविको संवेदना जाग्दछ । सम्प्रेषण के हो भन्ने सन्दर्भमा सम्प्रेषण तब हुन्छ, जब एक मस्तिष्क आफ्नो परिवेशमा यसरी क्रियाशील भएको हुन्छ कि दोस्रो मस्तिष्क त्यसबाट प्रभावित हुन्छ अनि दोस्रो मनमा जुन अनुभूति जागृत हुन्छ, त्यो पहिलो मनकै अनुभूतिको

समान हुन्छ र आंशिक रूपमा पहिलो मनद्वारा प्रेरित हुन्छ भन्ने रिचर्ड्सको धारणा रहेको पाइन्छ (रिचर्ड्स, सन् १९२४ पृ. २७)। यसबाट कुनै मनले परिवेशप्रति प्रकट गरेको प्रतिक्रिया (अनुभूति) प्रथम मनकै आंशिक प्रभावबाट दोस्रो मनले प्राप्त गर्दछ भने मनोवैज्ञानिक रूपमा सम्प्रेषण हुन जान्छ भन्ने कुरा बुझ्न सकिन्छ। विशेषतः सम्प्रेषणक्रियामा वक्तासँग विशिष्ट किसिमको सामार्थ्य र स्रोतासँग पनि विशिष्ट ग्रहणशक्ति हुनुपर्छ। यस अर्थमा लेखकको अनुभूति समान पाठकहरूको अनुक्रिया हुनुपर्छ।

## सम्प्रेषण सिद्धान्तमा अन्तर्निहित साहित्यशास्त्रीय र समालोचनात्मक आधार

आई. ए. रिचर्ड्स कलाकृतिका हिसाबले लेखक र पाठक नजिक हुनुपर्छ भन्दछन्। उनी कृतिमा पाठकलाई आकर्षित गर्ने मूल्य हुनुपर्छ र त्यो कृति चुम्बक जस्तो हुनुपर्छ भन्दै कृतिमा मूल्यवान् अनुभूतिहरू हुनुपर्छ भन्ने विचार राख्दछन्। लेखकले कृति रचना गर्दा आफ्ना मूल्यवान् अनुभूतिलाई व्यवस्थित ढङ्गले प्रस्तुत गर्नुपर्छ र तिनलाई पाठकले आफ्नै अनुभूतिका रूपमा ग्रहण गर्दछ। यहाँ लेखक र पाठकका बिच अनुभूतिको सादृश्य देखिनुपर्छ भन्ने रिचर्ड्सको मान्यता रहेको पाइन्छ। त्यस्तै उनी कृतिले पाठकका प्रतिकूल अनुभवमाथि नियन्त्रण गरी अनुकूल अनुभवलाई सघाउनुपर्छ भन्ने मान्यता राख्दछन्। सम्प्रेषण एउटा जटिल प्रक्रिया हो। हरेक मान्छेमा बेग्लाबेग्लै अनुभूतिहरू भए पनि कहिलेकाहीँ कुनै परिस्थितिमा उनीहरू एउटै अनुभूतिमा रहन सक्छन्। यही विशेष गुणका कारण कृतिको सम्प्रेषण हुन्छ। यो सम्प्रेषण व्यवस्थालाई उद्दीपक अनुक्रियाका रूपमा हेर्न सकिन्छ। लेखकमा उद्दीपकको फलस्वरूप एउटा अनुभूति बन्छ र कला कृतिमा समाविष्ट हुन्छ, त्यो मूल्य हो। त्यो मूल्य उद्दीपकले पाठकमा पनि अनुक्रिया वा अनुभूति उत्पन्न गर्दछ जुन समान किसिमको हुन्छ। यो मनोवैज्ञानिक प्रक्रिया हो र यो एउटा जटिल प्रक्रिया पनि हो। रिचर्ड्सका अनुसार मानिस सामाजिक प्राणी भएका कारण उसले जे अनुभव गर्छ त्यो अरू व्यक्तिलाई पनि बताउन चाहन्छ। कलाकारको अनुभव विशिष्ट र नवीन हुनुका कारण उसको सम्प्रेषणीयता समाजका लागि मूल्यवान् हुन्छ। यहाँ कल्पना सिद्धान्तका सन्दर्भमा अभिव्यक्त कलरिजको भनाइ महत्त्वपूर्ण देखिन्छ। कलरिजका अनुसार महान् कवि त्यो हो जसले मनुष्यको सम्पूर्ण आत्मालाई सक्रिय बनाइदिन्छ। जहाँ उसका अन्य इन्द्रियहरू गौण अथवा शान्त भइदिन्छ। उसको यो कार्य कल्पनाको जादुयी शक्तिबाट सम्पन्न हुन्छ।

यसै सन्दर्भमा कविको सिर्जनाप्रक्रियाको चर्चा गर्दै कलरिजले भनेका छन्। उत्तमबोध (सत्बुद्धि) कवि प्रतिभाको शरीर हो। स्वैरकल्पना यसको वस्त्र अथवा आवरण हो, गति जीवन हो र कल्पना आत्मा हो, जुन सबैमा व्याप्त रहन्छ र सबैलाई समन्वित गरी त्यसबाट एक सुन्दर सुबोध्य र परिपूर्ण रूप प्रदान गर्दछ। यसका साथै कलरिजले कल्पनाले कलालाई प्रकृतिको, रीतिपद्धतिलाई वस्तुको अनि कविप्रशंसालाई कविताप्रति सहानुभूतिको अधीन वा अन्तर्गत राख्दछ भन्ने धारणा राखेका छन्। कविकलारको उद्देश्य आफ्ना अनुभूतिलाई कलाका माध्यमबाट अरूसमक्ष सम्प्रेषण गर्नु नै हो। यसरी जसको कृतिमा प्रभावशाली सम्प्रेषण क्षमता छ, त्यो कृति वा कलाकार महान् अथवा उत्कृष्ट हुन्छ। रिचर्डस्का विचारमा सम्प्रेषण कलाको धर्म हो। लेखकले कृति रचना गर्दा र समालोचकले कृति समीक्षा गर्दा सम्प्रेषणको यही धर्म वा गुणलाई आत्मसात् गर्नुपर्ने विचर रिचर्डस्को रहेको देखिन्छ। उनका अनुसार सम्प्रेषण प्रभावकारी हुनका लागि निम्नलिखित कुराहरू आवश्यक हुन्छन् :

(१) कवि वा कलाकारको अनुभूति व्यापक विस्तृत र प्रभावकारी हुनुपर्छ।

(२) अनुभूति प्रक्रिया वा संगठनका क्षणमा आवेगको व्यवस्थित ढङ्गले सन्तुलन हुनु आवश्यक छ।

(३) वस्तु वा स्थितिको पूर्णबोधका लागि कलाकार वा कविमा जागरुक निरीक्षण शक्ति हुनुपर्छ ।

(४) कलाकारको अनुभव र समाजको अनुभवमा तालमेल हुनुपर्छ । यदि यी दुईमा अन्तर भयो भने कल्पनाको सहायताले सम्प्रेषणीय बनाउनुपर्छ ।

यस प्रकार सम्प्रेषण प्रक्रिया जटिल र अमूर्त भए पनि यो व्यावहारिक छ । मानिस-मानिसका बिचको भाषिक सम्प्रेषण प्रक्रिया र रिचर्ड्सको लेखक-पाठकका बिचको कला सम्प्रेषण प्रक्रियामा सादृश्य पाइन्छ । सम्प्रेषण क्षमता नभएको कृतिको मूल्य नहुने हुनाले साहित्यशास्त्र तथा समालोचनाका क्षेत्रमा यसको विशिष्ट महत्त्व रहेको छ ।

## निष्कर्ष

मनोविज्ञानका क्षेत्रबाट साहित्यमा आएका हुनाले रिचर्ड्सले मनोविज्ञानका परिप्रेक्ष्यमा कविता र कलाको सार्थकता र महत्त्वबारे विचार व्यक्त गरेको देखिन्छ । कलाको सौन्दर्यसम्बन्धी उनका विचार महत्त्वपूर्ण छन् । उनका दृष्टिमा कलासाहित्यमा मूल्य र सम्प्रेषणको गुण हुनुपर्छ भन्ने हो । यी दुईवटा गुण भएको कलासाहित्य उनका विचारमा उत्कृष्ट साहित्य हो । मानवमनभित्र मनोवेग वा आवेगहरूको उतारचढाव हुने हुनाले त्यसको उचित व्यवस्थापन वा सन्तुलनमा साहित्यले भूमिका खेल्न सक्नुपर्छ भन्ने उनको मान्यता रहेको पाइन्छ । उनले सौन्दर्यानुभूतिलाई मानसिक प्रक्रिया मानेका छन् र यसलाई मूल्य र सम्प्रेषणका कसीमा हेरेका छन् । रिचर्ड्सको मूल्य तथा सम्प्रेषण सिद्धान्त सिर्जना तथा समालोचना दुवै परिप्रेक्ष्यमा उत्तिकै सान्दर्भिक छ । सर्जक तथा समालोचक दुवैले मूल्य तथा सम्प्रेषणका गुणलाई आत्मसात् गर्नुपर्ने उनको धारणा रहेको पाइन्छ । मूल्य र सम्प्रेषण एकअर्कासँग अन्तःसम्बद्ध छन् भने यिनमा दोहोरो प्रक्रिया घटित हुने स्थिति पनि देखिन्छ । यस अनुसार जुन कृति मूल्यवान् हुन्छ, त्यो सम्प्रेषणीय हुन्छ भने जुन कृति सम्प्रेषणीय छ, त्यो मूल्यवान् हुन्छ । रिचर्ड्सको मूल्य तथा सम्प्रेषण सिद्धान्तमा समालोचनाको वैज्ञानिक आधार पाइन्छ । अनुसन्धानमा आधारित व्यावहारिक समालोचनामा 'के', 'कसरी' र 'किन' को उत्तर खोजिन्छ । यसमा 'के' अन्तर्गत तत्त्व/विषयवस्तुगत यथार्थ र साध्य ज्ञानगत यथार्थ/निष्कर्ष (ontolgy/the theory of reality) को खोजी हुन्छ । 'कसरी' अन्तर्गत विधि अर्थात् साधन ज्ञान (epistemology/the theory of knowledge) को खोजी हुन्छ र 'किन' ले चाहिँ मूल्य (axiology/the theory of value) लाई प्रस्तुत गरेको हुन्छ । रिचर्ड्सले तत्त्व/विषयवस्तुगत यथार्थअन्तर्गत साहित्यमा अनुभूतिहरूको व्यवस्थित सङ्गठन हुनुपर्ने कुरा बताएका छन् । साधन ज्ञानअन्तर्गत सम्प्रेषणीतामा जोड दिएका छन् । उनका अनुसार कला मानिसको सम्प्रेषण क्रियासँग सम्बद्ध हुन्छ । भाषाको रचनात्मक क्रियाका माध्यमबाट साहित्यकारले अनुभूति मूल्य पाठकसम्म सम्प्रेषण गर्दछ भनेर उनले साधन ज्ञानको चार्च गरेका छन् । मूल्यअन्तर्गत उनले साहित्यको सामाजिक उपयोगितामा विश्वास गरेका छन् । साहित्यका माध्यमबाट समाज आफ्नो मानसिक व्यवस्थाको सन्तुलन कायम गर्न सक्छ र मूल्यवान् साहित्यले समाज र समुदायको अधिकतम एषणाको परिपूर्ति गर्दछ भन्ने विचारका माध्यमबाट उनले कलासाहित्यलाई सौन्दर्यपरक उपयोगिताको कसीमा हेरेको स्पष्ट हुन्छ । यसरी हेर्दा रिचर्ड्स आधुनिक अङ्ग्रेजी समालोचनाका प्रबल सैद्धान्तिक स्तम्भका रूपमा रहेका देखिन्छन् । उनका समालोचनासम्बन्धी मान्यताहरूले बिसौं शताब्दीको उत्तरवर्ती अमेरिकी र अङ्ग्रेजी नवसमालोचनामा ठुलो प्रभाव पारेको पाइन्छ त्यसैले उनलाई अङ्ग्रेजी समालोचनाका महात्मा र पिता भनेर पनि चिनाइएको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची


त्रिपाठी, वासुदेव (२०६५), *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग* १, ललितपुर : साझा प्रकाशन ।

भरत (२०४६), *नाट्यशास्त्रम्,* सम्पा. तथा व्याख्या. सुधा रस्तोगी, वाराणसी : चौखम्बा कृष्णदास अकादमी ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६१), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक प्रकाशन ।

सुवेदी, अभि (२०७८), *पाश्चात्य काव्य-सिद्धान्त,* दोस्रो संस्क., काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान

Bilsky, M. (1954). I. A. Richards' Theory of Value. *Philosophy and Phenomenological Research*, *14*(4), 536–545. https://doi.org/10.2307/2103232

Brooks, C. (1981). I. A. Richards and "Practical Criticism." *The Sewanee Review*, *89*(4), 586–595. http://www.jstor.org/stable/27543909

North, J. (2013). What's "New Critical" about "Close Reading ?" I. A. Richards and His New Critical Reception. *New Literary History*, *44*(1), 141–157. http://www.jstor.org/stable/24542542

Richards, I. A. (1929) [1964] *Practical Criticism: a Study of Literary Judgment*, London: Routledge and Kegan Paul.

Richards, I. A. The Philosophy of Rhetoric. Oxford University Press, 1964. Principles of Literary Criticism, 8th ed. Kegan Paul, 1945. --. Practical Criticism: A Study of Literal Judgment. Long, Routlege and Kegan Paul, 1966.

Rudolph, G. A. (1956). The Aesthetic Field of I. A. Richards. *The Journal of Aesthetics and Art Criticism*, *14*(3), 348–358. https://doi.org/10.2307/427052

Waterlow, S. P. (1926). [Review of *Principles of Literary Criticism.*, by I. A. Richards]. *Mind*, *35*(137), 81–84. http://www.jstor.org/stable/2249395

West, David. (2001). Psychologies of Art and Literature: A comparison of the work of I.A. Richards and L.S. Vygotsky. Changing English. 8. 17-27. 10.1080/13586840123202.